नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
संघीय मामिला शाखा
सिंहदरबार, काठमाडौं ।

प.सं.२०७९/८०
च.नं. ६०

मिति: २०७९/०९/११

विषय : जानकारी सम्बन्धमा ।

श्री स्थानीय तह (सबै)

प्रस्तुत विषयमा शहरी विकास तथा भवन निर्माण विभागको च. नं. ३२ मिति २०७९।०९।०७ को पत्रबाट देहाय अनुसारको निर्णय गरी सहजीकरणका लागि अनुरोध भइ आएको हुनाले सोही बमोजिम गर्न हुन आदेशानुसार अनुरोध छ ।

"सुरक्षित नागरिक आवास कार्यक्रम कार्यविधिको पहिलो संशोधनबाट स्थानीय तहबाट प्रभावकारी कार्यान्वयन हुने अभिप्रायले कार्यक्रम कार्यान्वयन गर्न स्थानीय तहलाई जिम्मेवारी दिएर कार्यक्रम कार्यान्वयन भइरहेको । स्थानीय तहहरुबाट कार्यक्रम बमोजिम प्रगति पठाउनु पर्नेमा भौतिक प्रगति र वित्तीय प्रगति समेत नियमित रुपमा प्राप्त हुन नसकेकोले प्रत्येक स्थानीय तहले छनौट भएको आवास संख्यामध्ये सम्झौता भएको आवास संख्या, पहिलो किस्ताबापत रकम (६०%) लिएको आवास संख्या, दोस्रो किस्ता बापत रकम (४०%) लिएको आवास संख्या, जस्तापाता/काठ खरिद निर्माण कार्यसम्पन्न बमोजिमको विवरण सम्बन्धित सघन शहरी तथा भवन निर्माण आयोजना कार्यान्वयन ईकाइबाट २०७९ पुस मसान्तसम्म संकलन गरी सो विवरण मन्त्रालयमा पेश गर्न निर्देशन दिने निर्णय गरियो साथै स्थानीय तहबाट उक्त प्रगति त्रैमासिक रुपमा पठाउने र माथि उल्लेखित विवरणहरु आ-आफ्नो Website मा अनिवार्य Upload गर्ने।"

खम्बराज राई
शाखा अधिकृत

बोधार्थ
१.श्री सूचना तथा प्रविधि शाखा:- वेभसाइटमा अपलोड गरिदिन हुन ।
२. श्री शहरी विकास तथा भवन निर्माण विभाग, बबरमहल, काठमाडौं- जानकारीको लागि ।

फोन:४२००२८६, फ्याक्स नं. : ४२००१०८/१०९/११०, वेबसाइट : www.mofaga.gov.np